नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्या: ०७७/७८
चलानी नं.: १४३

मिति :२०७७/०८/०५

विषय: सम्पर्क व्यक्ति/इकाइ तोकिदिने सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प.सं. ADS-०७७/७८ च.नं. २० मिति २०७७/०७/१४ को पत्र र सो पत्रसाथ प्राप्त किसान सूचीकरण कार्यक्रम तथा कृषि तथ्यांक संकलन कार्यक्रम कार्यान्वयन बिधि संलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सोहि बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थ:
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखा: email मार्फत पठाईदिनु हुन ।

श्री कृषि विकास शाखा
पत्रबाट व्यहोरा बुझ्न
गरि आ.का. गर्नु हुन।
०७७/०८/०६

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३९, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठाडौं, नेपाल

पत्र संख्या.: ADS-२०७७/७८
च.नं.: २०

मितिः- २०७७-०७-१४

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौ ।
श्री स्थानीय तहहरु सबै

**विषयः सम्पर्क व्यक्ति/इकाइ तोकिदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा मुलुकभरका कृषकहरुको विवरणलाई तीनै तहका सरकारहरुको पहुँचमा रहने गरी व्यवस्थित गर्ने र सोही आधारमा आगामी दिनमा कृषि विकास सम्बन्धी कार्यक्रमहरु तर्जूमा र कार्यान्वयन गर्नका लागि आ.व २०७७/७८ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश भए अनुसार कृषकहरुको सूचिकरण गर्ने प्रयोजनका लागि तीनै तहमा बजेटको समेत विनियोजन भएको र यस कार्यलाई समन्वयात्मक रुपमा सन्चालन गर्नुपर्ने भएको हुनाले सबै ७५३ स्थानीय तहबाट **कृषक सूचिकरण कार्यका लागि सम्पर्क व्यक्ति** तोकि तपसिलका विवरणहरु यस मन्त्रालयको खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखाको email id:- farmers.reg@gmail.com मा उपलब्ध गराइदिने साथै संलग्न कार्यक्रम कार्यन्वयन विधिको मस्यौदामा समेत कुनै राय/सूझाव भए सो समेत उपलब्ध गराईदिन व्यवस्थाको लागि सबै स्थानीय तहमा पत्राचार गरीदिनुहुन अनुरोध छ ।

तपसिल

स्थानीय तहको नामः
कृषक सूचिकरणका लागि सम्पर्क व्यक्ति
नामः
पदः
शाखाः
मोबाइल नः
ई-मेल ठेगानाः

तेज बहादुर सुवेदी
सह सचिव

## किसान सुचीकरण कार्यक्रम तथा कृषि तथ्यांक संकलन कार्यक्रम कार्यान्वयन बिधि

नेपालको संबिधान २०७२ को धारा ३६ मा भएको ब्यवस्था अनुसार मौलिक हक कार्यान्वयनको लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ जारी भैसकेको छ र नियमावली जारी हुने तयारीमा रहेको छ । जनताको मौलिक हकको रुपमा रहेको ब्यवस्थालाइ कार्यान्वयनमा लैजान कृषि तथा पशुपंक्षी बिकास मन्त्रालयले सशर्त अनुदानको रुपमा सबै स्थानीय तहहरुम किसान सुचीकरण तथा परिचयपत्र वितरण र कृषि तथ्यांक संकलनको लागि समेत बजेट ब्यवस्था गरेको छ । विगतमा बिभिन्न निकायबाट समेत कृषि तथ्यांक संकलन गर्न सफ्टवयर तयार भइ कार्यान्वयमा समेत आइसकेको छ । तर यी सफ्टवयरहरुमा एकरुपता नहुनका साथै सबै निकायहरुको पहुंच नभएको कारण बृहत उपयोग हुन सकेको छैन । तसर्थ मन्त्रालयले सबै तह र निकायको लागि उपयोगि हुने न्युनतम तथ्यांक समेटेर स्थानीय तह तथा प्रदेश मन्त्रालयहरुको समन्वयमा एउटा सफटवयर बिकास गरेको छ । प्रदेश मन्त्रालयहरुले पनि डिजिटल किसान परिचयपत्र वितरण तथा तथ्यांक संकलनको लागि क्षमता बिकास तालिमको पनि ब्यवस्था गरेका छन । तसर्थ यी सबै निकायहरुले आ आफ्नो निकायमा भएको बजेटको उचित परिचालन गरी कार्यक्रम संचालन गर्न एउटा कार्ययोजना तयार गरि समन्वयात्मक रुपमा कार्य संचालन गरी न्युनतम खर्चमा छोटो समयमा सबै तहका जनशक्ति परिचालन गरी किसान पहिचान तथा वर्गिकरणको कार्यक्रम अभियानको रुपमा संचालन प्रस्ताव गरिएको छ ।

यो अभियान संचालन गर्न तपसिल अनुसारको कार्य योजना प्रस्ताव गरिएको छ ।

**कार्यक्रम कार्यान्वयन निकायः**

किसान सुचीकरण तथा वर्गिकरण कार्यक्रम कार्यान्वयनको लागि निर्देशिकामा भएको ब्यवस्था अनुसार एक केन्द्रिय निकाय तोकिनेछ । तर उक्त निकायको स्थापना नभएसम्मको लागि यो अभियान कार्यक्रम संचालन गर्न खाद्य सुरक्षा तथा खाद्य प्रबिधि महाशाखाको अगुवाइमा एक कार्यदल गठन गरिनेछ । यस कार्यदलमा दुइ जना उपसचिब र दुइ जना अधिकृत र एक जना सहायक कर्मचारी (टाइपिष्ट) को साथै एक जना सूचना प्रबिधि बिज्ञको समेत ब्यवस्था गरिनेछ ।

**सफ्टवयर निर्माणः**

मन्त्रालयले एडिएस कार्यान्वयनको लागि युरोपियन युनियनको सहयोगमा संचालित प्राबिधिक सहयोग कार्यक्रमको सहयोगमा किसान सुचीकरण सम्बन्धि सफ्टवयर तयार गरीसकेको छ । कार्यदलले युरोपियन युनियनको सहयोगमा संचालित प्राबिधिक सहयोग कार्यक्रमको समन्वयमा तयार भएको सफ्टवयरको फिल्ड टेष्टिङ्ग समेत गरी किसान, स्थानीय निकायमा कार्यरत प्राबिधिक, प्रदेश मन्त्रालयको निकायहरु समेतको सहभागिता र समन्वयमा सफ्टवयरको अन्तिम रुप दिने काम गर्नेछ ।

**बिभिन्न तह र निकायमा कार्यक्रम समन्वय इकाइ र सम्पर्क अधिकृतको ब्यवस्थाः**

यस कार्यक्रमको कार्यान्वयनको लागि मन्त्रालयमा खाद्य सुरक्षा तथा खाद्य प्रबिधिक महाशाखा प्रमुखको संयोजकत्वमा एउटा सम्पर्क बिन्दु रहनेछ । यसमा कृषि तथा पशु सेवा बिभाग किसान आयोग र योजना तथा बैदेशिक सहायता समन्वय महाशाखा अन्तर्गत तथ्यांक शाखाको प्रतिनिधि समेत रहनेछन र जिआइएस शाखाले यसको प्राबिधिक काममा सहयोग गर्नेछ ।

प्रदेश स्तरमा पनि प्रदेश मन्त्रालयको खाद्य सुरक्षा तथा कृषि ब्यवसाय प्रवर्द्धन महाशाखमा प्रमुखको संयोजकत्वमा कृषि बिकास निर्देशनालय तथा पशुपंक्षी तथा मत्स्य बिकास निर्देशनालयको प्रतिनिधि सहितको एक सम्पर्क बिन्दु रहनेछ । यस्तै गरी जिल्ला स्थित कषि ज्ञान केन्द्र तथा पशु सेवा बिज्ञ केन्द्रमा पनि एक एक जना अधिकृतलाइ सम्पर्क अधिकृतको रुपमा जिम्मेवारी तोकिनेछ ।

यस्तै गरी हरेक स्थानीय तहमा पनि कृषि तथा पशु सेवा शाखाको प्रमुख वा प्रतिनिधिलाइ समपर्क बिन्दुको रुपमा तोकिनेछ । हरेक स्थानीय तहमा जनसंख्या तथा वडाको संख्याको आधारमा आबश्यक संख्यामा तथ्यांक संकलक (गणक) छनौट गरी किसान सुचीकरण तथा कृषि तथ्यांक संकलनको लागि परिचालन गरिनेछ ।

**स्थानीय तहमा सम्पर्क इकाइको काम, कर्तव्य र अधिकार**

- स्थानीय स्तरमा  कृषकहरुको विवरण प्रविष्ट गर्ने र गणकहरुको परिचालन गरी विवरणहरु अध्यावधिक गर्ने
- गणकहरुको क्षमता विकासमा सहयोग गर्ने
- कृषक विवरणहरु नियमित अध्यावधिक गर्ने र सफ्टवेयर प्रणालीमा सुधारको लागि आवश्यक सुझावहरु उपलब्ध गरउने ।

**प्रदेश तहमा सम्पर्क इकाइको काम, कर्तव्य र अधिकार**

- स्थानीय तहको क्षमता विकास गर्ने ।
- सफ्टवेयर प्रणालीको नियमित अनुगमन र सुधारको लागि पृष्ठपोषण
- प्रणाली अध्यावधिक गर्न आवश्यक पृष्ठपोषण उपलब्ध गराउने ।

**संघीय तहमा सम्पर्क इकाइको काम, कर्तव्य र अधिकार**

- प्रणालीलाई आवश्यक सुधार एवं अध्यावधिक गर्ने ।
- प्रणालीमा प्रविष्ट विवरणहरुको गोपनियता र सुरक्षाको लागि आवश्यक प्रवन्ध मिलाउने ।
- प्रादेशिकतहको सम्पर्क व्यक्तिहरुको क्षमता विकासमा सहजिकरण गर्ने ।
- प्रणालीलाई सुचारु रुपमा सञ्चालन गनर् आवश्यक अन्य कार्यहरु गर्ने ।
- कार्यक्रमको नियमित अनुगमन र क्रमिक सूधारको कार्यहरु गर्ने ।

**अभिमुखीकरण तथा क्षमता बिकास तालिमको ब्यवस्थापनः**

केन्द्रबाट पालिका स्तरका प्राबिधिकहरु सम्मको तालिम संचालनको लागि लाग्ने ब्यवस्थापन खर्च मन्त्रालय र मातहतका निकाय तथा प्रदेश मन्त्रालय तथा मातहतका निकायबाट हुनेछ तर स्थानीय तहबाट सिफारिस तथा छनौट भएका तथ्यांक संकलकहरुको क्षमता बिकास तालिम ब्यवस्थापन स्थानीय तहबाटै हुनेछ ।

मन्त्रालयले सफ्टवयर तथा तथ्यांक संकलन सम्बन्धि फारमको अन्तिम रुप दिने काम गर्नेछन । यस क्रममा मन्त्रालय तथा बिभागका प्रतिनिधिहरु संलग्न रहनेछन । यो टोलीले तथ्यांक संकलन सम्बन्धि सफ्टवयर तथा तथ्यांक संकलन सम्बन्धि बिवरणहरुको मस्यौदालाइ अन्तिम रुप दिनेछ । यस क्रममा टोलीले केन्द्रम सफ्टवयर तथा तथ्यांक संकलन फारम प्रयोग गरी पाइलट टेष्टिङ्गको काम समेत गर्नेछन ।

प्रदेशस्तरमा कम्तीमा १०,१० जना श्रोत ब्यक्ति बिकास गर्ने गरी अभिमुखीकरण तालीम संचालन गर्नेछ । यो तालीममा केन्द्रबाट सफ्टवयर तथा तथ्यांक संकलन र किसान सूचीकरण कार्यक्रम संचालन कार्यबिधि तयार गर्ने काममा संलग्न प्राबिधिकहरुले श्रोत ब्यक्तिको रुपमा काम गर्नेछन । यो तालीमको क्रममा प्रदेशस्तरबाट सफ्टवयर तथा तथ्यांक संकलन फारममा कुनै सुझाव भए सो समेतलाइ मध्य नजर गरी सफ्टवयर तथा तथ्यांक संकलन फारमलाइ समेत अद्यावधिक गरी अन्तिम रुप दिइनेछ ।

मन्त्रालय र प्रदेश स्तरका श्रोत ब्यक्तिहरुको अभिमुखीकरण तथा क्षमता बिकास गर्ने काममा मन्त्रालय र युरोपियन युनियनको प्राबिधिक सहायता कार्यक्रमबाट सहजिकरण तथा ब्यवस्थापन (प्राबिधिक तथा आर्थिक) गरिनेछ ।

प्रदेशस्तरमा तयार गरिएका श्रोत ब्यक्तिहरुले जिल्लास्तरका कृषि ज्ञान केन्द्र तथा पशु सेवा बिज्ञ केन्द्रका सम्पर्क ब्यक्तिहरुलाइ अभिमुखीकरण तथा क्षमता बिकास तालीम दिनेछन । यो तालिममा प्रत्येक निकायबाट एक एक जना अधिकृतहरु श्रोत ब्यक्तिको रुपमा सहभागि हुनेछन ।

कृषि ज्ञान केन्द्र तथा पशु सेवा बिज्ञ केन्द्रका सम्पर्क ब्यक्तिहरुले स्थानीय तहका कृषि तथा पशु सेवा इकाइका सम्पर्क अधिकृतहरुलाइ अभिमखीकरण तथा क्षमता बिकास तालीम दिनेछन ।जिल्ला स्तर तथा स्थानीय तहका श्रोत ब्यक्तिहरुको अभिमुखीकरण तथा क्षमता बिकास गर्ने काममा प्रदेश मन्त्रालय र युरोपियन युनियनको प्राबिधिक सहायता कार्यक्रमबाट सहजिकरण तथा ब्यवस्थापन (प्राबिधिक तथा आर्थिक) गरिनेछ ।

स्थानीय तहका सम्पर्क अधिकृतहरुले स्थानीय तहका पदाधिकारी तथा कार्यकारी प्रमखहरुसंग समन्वय गरी प्रत्येक वडाबाट स्मार्ट फोन वा ल्यापटप साथमा भएका र कम्तीमा १२ कक्षा उत्तीर्ण ब्यक्तिहरुलाइ किसान सुचीकरण तथा तथ्यांक संकलनको लागितथ्यांक संकलक (गणक) को रुपमा छनौट गर्नेछन ।स्थानीय तहको हरेक वडामा तथ्यांक संकलक (गणक) रहने गरी तथ्यांक संकलक (गणक) छनौट गर्नेछ । गणक छनौट गर्दा प्रति वडा ३०० सम्म घर धुरी भएको वडामा प्रत्येक वडामा कम्तीमा २ जनामा नघट्ने गरी, ३०० देखि १००० सम्म घरधुरी भएकोमा प्रत्येक वडामा कम्तीमा ३ जनामा नघट्ने गरी र १००० भन्दा बढी घर धुरी भएको वडामा प्रत्येक वडामा कम्तीमा ४ जनामा नघट्ने गरी तथ्यांक संकलक (गणक) छनौट गरिनेछ ।यसरी छनौट भएका तथ्यांक संकलक (गणक) लाइ स्थानीय तहको कृषि/पशुसेवा शाखाबाट अभिमुखीकरण तथा तालीम संचालन गरिनेछ ।तथ्यांक संकलक (गणक) लाइ दिइने अभिमुखीकरण तथा क्षमता बिकास तालीमको ब्यवस्थापन खर्च नेपाल सरकारले स्थानीय तहहरुलाइ सशर्त उपलब्ध गराएको किसान सूचीकरण तथा कृषि तथ्यांक संकलनको लागि उपलब्ध गराएको रकम बाट खर्च गर्नेछन ।

स्थानीय तहबाट छनौट भइ अभिमुखीकरण तथा क्षमता बिकास तालीम लिएका तथ्यांक संकलक (गणक) हरुलाइ किसान सूचीकरण तथा तथ्यांक संकलनको काममा परिचालन गरिनेछ । तर किसान स्वयमले आफ्नो बिवरण तथा कृषि तथ्यांक प्रविष्ट गर्न चाहेमा आंफैले पनि प्रविष्ट गर्न

सक्नेछन र यस काममा स्थानीय तहका कृषि तथा पशु सेवा शाखाका कर्मचारीहरुले पनि सहयोग गरी किसान सूचीकरण तथा कृषि तथ्यांक प्रविष्ट गर्ने काममा सहयोग गर्न सक्नेछन।

**किसान सुचीकरण तथा तथ्यांक संकलनको लागि पारिश्रमिकः**

स्थानीय तहबाट छनौट भइ अभिमुखीकरण तथा क्षमता बिकास तालीम लिएका तथ्यांक संकलक (गणक) हरुलाइ किसान सूचीकरण तथा तथ्यांक संकलनको काममा परिचालन गरिनेछ । यस कामको लागि १००० सम्म घरधुरी भएकोमा प्रति घरधुरी १५० रुपैया सम्म, १००० भन्दा बढी २००० घरधुरी सम्म प्रति घरधुरी १२५ रुपैयां, २००० देखि ३००० घरधुरी सम्म प्रति घरधुरी १०० रुपैयां, ३००० देखि ४००० घरधुरी सम्म प्रतिघरधुरी ७५ रुपैयां र ४००० भन्दा बढी घरधुरी भएको स्थानीय तहमा ६० रुपैयांका दरले पारिश्रमिक पाउनेछन। यसरी किसान सूचीकरण तथा तोकिएको बिवरण संकलन गर्ने तथ्यांक संकलक (गणक) लाइ दिने पारिश्रमिक नेपाल सरकारबाट सशर्त किसान सूचीकरण तथा कृषि तथ्यांक संकलनको लागि सम्बन्धित स्थानीय तहलाइ उपलब्ध गराएको रकमबाट स्थानीय तहले उपलब्ध गराउनेछ । यसरी सशर्त उपलब्ध गराएको रकमबाट नपुग हुने भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रदेश मन्त्रालयले उपलब्ध गराउनेछ ।

किसान सुचीकरणको वखत उपलब्ध गराइएको तथ्यांक हरेक बर्ष श्रावण महिनाभित्र अद्यावधिक गर्नुपर्नेछ । पहिलो बर्ष किसान सुचीकरण र तथ्यांक संकलनको काम सरकारी पहलमा गरिनेछ तर दोश्रो बर्षबाट यस्तो तथ्यांक अद्यावधिक गर्ने काम स्वयं किसानको हुनेछ ।

**कार्यक्रमको प्रचार सामाग्रि तथा प्रचार प्रसारः**

यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि मन्त्रालयले अन्य सरोकारवाला निकाय तथा संघ संस्थाहरुको समन्वयमा प्रचार प्रसार सामाग्रि तयार गरी राष्ट्रिय स्तरमा प्रचार प्रसारको काम गर्नेछ । यस्तै गरी प्रदेश मन्त्रालयले पनि प्रदेश स्तरमा प्रचार प्रसार सामाग्रि तयार गर्नको साथै प्रचार प्रसार गर्ने काम गर्नेछ ।स्थानीय तहले पनि स्थानीय स्तरमा स्थानीय एफएमहरु मार्फत प्रचार प्रसार गर्ने काम गर्नेछन ।

मन्त्रालय र प्रदेश मन्त्रालयले आ आफ्नो मन्त्रालय र मातहत निकायहरुबाट प्रचार प्रसारको काम गर्ने ब्यवस्था मिलाउनेछन भने स्थानीय तहहरुले संघ र प्रदेशबाट प्राप्त सशर्त कार्यक्रमबाट प्रचार प्रसार तथा अन्य ब्यवस्थापकीय कार्यक्रम संचालन गर्न सक्नेछन ।

**किसान परिचयपत्र वितरणः**

किसान सुचीकरण तथा तथ्यांक संकलनको काम सकिएपछी किसान स्वयंले सफ्टवयरबाट नै किसान परिचयपत्र प्रिन्ट गर्न सक्नेछन । तर यस्तो परिचयपत्रलाइ क्रमशः डिजिटल परिचयपत्र तयार गरी वितरण गरिनेछ ।

**किसान सुचीकरण तथा किसान परिचयपत्रको उपयोगः**

कृषि क्षेत्रको समग्र अवस्था बिश्लेषणको साथै किसान तथा कृषि क्षेत्र बिकासको लागि सरकारबाट तयार गर्ने योजना तर्जुमाको साथै किसान लाइ सरकारबाट उपलब्ध गराइने सेवा सुबिधाको लागि आबश्यक रकम आंकलनको लागि किसान सुचीकरण र किसानको बिवरण तथा अन्य तथ्यांकको उपयोग गरिनेछ ।किसान सुचीकरण तथा किसानको कृषि उद्यम सम्बन्धि बिवरण कृषिको योजना तर्जुमा र किसान सहुलियत प्रदान गर्ने प्रयोजन बाहेक अन्यत्र प्रयोग गरिनेछैन। तर किसानको पुर्व स्विकृतिले यस्तो तथ्यांक प्रयोग गर्न बाधा पर्ने छैन ।

| किसान सुचीकरणको लागि लागत अनुमान | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| केन्द्रस्तरमा सफ्टवयर तथा तथ्यांक संकलन सम्बन्धिप्राबिधिक परीक्षण | | | | | | | |
| | बिवरण | कृयाकलाप | इकाइ | परिमाण | | | कैफियत |
| पहिलोदिन | सफ्टवयर तथाम्यानुअलको पाइलट परीक्षण/ जांच | सफ्टवयरकोप्रयोग सम्बन्धि अभिमुखीकरण | जवान | ७ | ५००० | ३५००० | |
| दोश्रोदिन | | फिल्डटेष्टिङ्ग तथा अभिलेख संकलनको परीक्षण | जवान | ७ | ५००० | ३५००० | |
| | खाजादैनिक भ्रमण खर्च खाना स्टेसनरी | | लस | १ | ४४४०० | ४४४०० | |
| | | | | जम्मा | | ११४४०० | |
| प्रदेश स्तरीय अभिमुखीकरण तालीम | | | | | | | |
| | बिवरण | कृयाकलाप | इकाइ | परिमाण | | | कैफियत |
| पहिलोदिन | निर्देशिकातथा सफ्टवयर संचालन सम्बन्धि बिज्ञ सम्बन्धि | प्रशिक्षक | जना | ३ | ५००० | १५००० | प्रदेशस्तर |
| | फिल्टटेष्टिङ्ग पाइलटिङ्ग बिज्ञ सेवा | पाइलटिङ्ग प्रशिक्षक | जना | ३ | ५००० | १५००० | |
| दोश्रोदिन | खाजादैनिक भ्रमण खर्च खाना स्टेसनरी | १०जना प्रशिक्षार्थी र बिज्ञ टिमको लागि खाजा खाना तथा स्टेसनरी र सहभागिभत्ता | | १५ | ६०५०० | ९०७५०० | |
| | बिज्ञहरुकोयातायात खर्च | प्रशिक्षक | | ३ | १५००० | ४५००० | |
| | | | | जम्मा | | ९८२५०० | |
| जिल्ला स्तरीयसम्पर्क ब्यक्तिलाइ अभिमुखीकरण तालिम | | | | | | | |
| | बिवरण | कृयाकलाप | इकाइ | परिमाण | | | कैफियत |
| पहिलोदिन | निर्देशिकातथा सफ्टवयर संचालन सम्बन्धि बिज्ञ सम्बन्धि | प्रशिक्षक | जना | ३ | ५००० | १५००० | प्रदेशस्तर |
| | फिल्टटेष्टिङ्ग पाइलटिङ्ग बिज्ञ सेवा | पाइलटिङ्ग प्रशिक्षक | | ३ | ५००० | १५००० | |
| दोश्रोदिन | बिज्ञहरुकोयातायात खर्च | प्रशिक्षक | | ३ | १५००० | ४५००० | |

| किसान सुचीकरणको लागि लागत अनुमान | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खाजादैनिक भ्रमण खर्च खाना स्टेसनरी | ३०जना प्रशिक्षार्थी र बिज्ञ टिमको लागि खाजा खाना तथा स्टेसनरी र सहभागिभत्ता | | ३० | ३७०० | १११००० | |
| | सहभागिहरुकोयातायात खर्च | | | २५ | २००० | ५०००० | |
| | एउट प्रदेशको जम्मा | | | | ३०७०० | २३६००० | |
| | सात प्रदेशको जम्मा | | | | | १६५२००० | |
| स्थानीय तहकासम्पर्क ब्यक्तिहरुलाइ अभिमुखीकरण तालीम ७५३ जना | | | | | | | |
| | बिवरण | कृयाकलाप | इकाइ | परिमाण | | | कैफियत |
| | निर्देशिकातथा सफ्टवयर सम्बन्धि | प्रशिक्षक | जना | २ | १५०० | ३००० | जिल्लास्त र |
| | फिल्टटेष्टिङ्ग | पाइलटिङ्ग प्रशिक्षक | जना | २ | १५०० | ३००० | |
| | खाजादैनिक भ्रमण खर्च खाना स्टेसनरी | सहभागि | जना | २० | ३८०० | ७४३२२ | |
| | सहभागिहरुकोयातायात खर्च | सहभागि | जना | २० | १००० | २०००० | |
| | एक जिल्लाको जम्मा | | | | ७८०० | १००३२२ | |
| | ७७जिल्लाको जम्मा | | | | | ७७२४८०० | |
| वडा र टोल स्तरकातथ्याङ्क संकलकहरुलाइ अभिमुखीकरण | | | | | | | |
| | बिवरण | कृयाकलाप | इकाइ | परिमाण | | | कैफियत |
| | निर्देशिकातथा सफ्टवयर सम्बन्धि | प्रशिक्षक | जना | २ | २००० | ४००० | पालिका स्तर |
| | फिल्टटेष्टिङ्ग | पाइलटिङ्ग प्रशिक्षक | जना | २ | २००० | ४००० | |
| | खाजाखर्चस्टेसनरी प्रति ब्यक्ति दुइदिनको लागि | लस | जना | १६ | १७०० | २७८८९ | |
| | सहभागिहरुकोयातायात खर्च | लस | जना | १६ | ५०० | ८२०३ | |
| | अन्यब्यवस्थापन खर्च | | | | | ३००० | |
| | एककार्यक्रमको जम्मा | | | जम्मा | | ४७०९१ | |
| | ७५३तहमा कुल १२८६ अभिमुखीकरण कार्यक्रमको लागि कुल जम्मा | | | | | ६०५५९४०० | |
| प्रचार प्रसार | | | | | | | |
| | | किसिम | भाषा | परिमाण | दर | जम्मा | |

| किसान सुचीकरणको लागि लागत अनुमान | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| केन्द्रस्तर१ | प्रचारप्रसार सामाग्री उत्पादन५भाषामा रेडियो र टिभि | २ | ५ | १ | १००००० | १०००००० | मन्त्रालय |
| | प्रचारप्रसार रेडियो टेलिभिजनबाट५भाषामा रेडियो र टिभि | २ | ५ | १ | १००००० | १०००००० | |
| प्रदेशस्तर७ | प्रचारप्रसार सामाग्री उत्पादनरेडियो र टिभि | २ | ५ | ७ | १००००० | ७०००००० | प्रदेश मन्त्रालय |
| | प्रचारप्रसार रेडियो टेलिभिजनबाटरेडियो र टिभि | २ | ५ | ७ | १००००० | ७०००००० | |
| स्थानीय स्तर ७५३ | प्रचारप्रसार स्थानीय एफएम रेडियो | १ | १ | ७५३ | १०००० | ७५३०००० | स्थानीयतह हरु |
| | | | | | जम्मा | २३५३०००० | |
| | बिवरण | कृयाकलाप | इकाइ | परिमाण | | | कैफियत |
| | सफ्टवयरसंचालन निर्देशिका छपाइ | १ | ५ | १०००० | ४० | २०००००० | इयु |
| | कृषकसुचीकरण निर्देशिका छपाइ | १ | ५ | १०००० | ४० | २०००००० | मन्त्रालय |
| | तथ्यांकसंकलकहरुको पारिश्रमिक | | | ५४१८०९५ | ६३ | ३४२६९२४९५ | प्रदेश मन्त्रालय र स्थानीय तह |
| | डिजिटलपरिचयपत्र वितरण | | | ५४१८०९५ | ५० | २७०९०४७५० | राष्ट्रियकिसान आयोग |
| | | | | | जम्मा | ६१७५९७२४५ | |
| | कुलजम्मा | | | | | ७०३९१४३४५ | |